"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहर: सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ नगरपालिका"

प.सं. २०८२/८३
च.नं. ४३१२

मिति २०८३/०३/२२

श्री करदाताहरु सबै
तिलोत्तमा नगरपालिका, मणिग्राम, कुञ्जलापुर, रुपन्देही

विषयः राजस्व असुली कार्य बन्द हुने सूचना

प्रस्तुत विषयमा यही असार ३२ गते चालु आर्थिक वर्ष २०८२/८३ समाप्त हुने हुँदा त्यस दिन वडा कार्यालयहरूका साथै मुख्य प्रशासनिक कार्यालयमा राजस्वको समग्र हिसाब भिडान गरी बार्षिक कारोबारको खाताबन्दी गर्नुपर्ने हुनाले चालु आर्थिक वर्षमा दाखिला गर्नुपर्ने करहरु यही असार ३१ गते भित्रै दाखिला गर्न गराउन सम्बन्धित करदाताहरुलाई अनुरोध गरिन्छ ।

यसैगरि नगरपालिकाले राजस्व संकलन गर्न प्रयोग गरेको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTra) मा आर्थिक ऐन २०८३ अनुसारका करका दरहरु अद्यावधिक गर्नुपर्ने र तदनुरुप सम्बन्धित कर्मचारीहरुलाई अभिमुखीकरण समेत गर्नुपर्ने हुनाले २०८३ श्रावण ०१ गते शुक्रवारका दिन सबै वडा कार्यालयका साथै मुख्य प्रशासनिक कार्यालयमा समेत राजस्व असुली सम्बन्धी सबै कार्य बन्द रहने र मिति २०८३ श्रावण ०४ गते सोमवार देखि राजस्व असुली सम्बन्धी सबै कार्यहरु नियमित हुने हुँदा सम्बन्धित सबै करदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट सेवाग्राहीहरुमा पर्न जाने असुविधा प्रति नगरपालिका परिवार क्षमाप्रार्थी छौं ।

खुशबुमा भुसाल
प्रमुख प्रशासकीय अधिकृत